# स्थानीय विकास मन्त्रालयले स्थानीय विकास शुल्कवाट उपलव्ध गराएको थप रकम खर्च गर्दा नगरपालिकाले पालना गर्नुपर्ने शर्त र मार्गनिर्देशनहरु

स्थानीय विकास शुल्कवाट नगरपालिकाहरुलाई उपलव्ध गराएको नियमित अन'दान रकम वाहेक थप रकम अधिकतम उपयोग गरी नगरपालिकाको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय विकास शुल्क कोष संचालक समितिको मिति २०६५।४।१७ को निर्णयले न्याय, औचित्य र वैज्ञानिक सूचक र भार तयार गरी सवै नगरपालिकाहरुलाई रकम वाँडफाँड गर्ने निर्णय भएकोले समितिको निर्णय वमोजिम यस रकमलाई देहाय वमोजिमको मार्गनिर्देशनको आधारमा प्रचलित कानून वमोजिम नगरपालिकाहरुले खर्च गर्नु पर्नेछ ।

१. नगरपालिकाले प्राप्त रकमलाई देहाय वमोजिम तीन भागमा विभक्त गरी आ-आफ्नो स्थानीय आवश्यकता अनुसारका योजना र कार्यक्रम छनौट गरी कार्यान्वयन गर्ने, यसरी विनियोजन गरेपछि एक क्षेत्रको रकम अर्को क्षेत्रमा खर्च नगर्ने ।

| | | |
|---|---|---|
| (क) | संस्थागत विकास तथा क्षमता अभिवृद्धि कार्यक्रमको लागि - | ५ % |
| (ख) | सामाजिक परिचालनद्वारा गरिवी निवारणको लागि- | १५ % |
| (ग) | भौतिक पूर्वाधार निर्माणको लागि- | ८० % |

**क. संस्थागत विकास तथा क्षमता अभिवृद्धि कार्यक्रमः-**

यसरी छुट्याइएको रकमलाई संस्थागत तथा क्षमता विकासको कार्यक्रम देहायको क्षेत्रमा प्रस्ताव तयार गरी संचालन गर्न सक्नेछन् । संगठन विकासका विभिन्न पक्षहरुः-

- कर्मचारीको क्षमता विकासको लागि तालीम र अभिमुखीकरण कार्यक्रम
- कार्यालयमा अत्यावश्यक Digital उपकरणहरुको व्यवस्था
- अन्य नगरपालिकाको भ्रमण/अनुभव आदान प्रदान
- नगरपालिकाको वित्तीय श्रोत परिचालन
- योजना प्रक्रिया र शहरी सुशासन सम्वन्धी कार्यक्रम

यसरी संचालन गर्दा नगर विकास प्रशिक्षण केन्द्र, नगरपालिकामा स्थापित क्षेत्रीय प्रशिक्षण केन्द्र र स्थानीय प्रयासद्वारा शहरी विकास कार्यक्रमसंगको समन्वय र सहयोगमा कार्यक्रम संचालन गर्न प्रोत्साहन र प्राथमिकता दिने ।

**ख. सामाजिक परिचालनद्वारा गरिवी न्युनीकरण**

शहरी गरिवी न्यूनीकरणका लागि सामाजिक परिचालनद्वारा कार्यक्रमहरु संचालन गरी गरिवीको रेखामुनी रहेका जनताको दिगो जिविकोपार्जनको लागि क्रियाकलाप संचालन गर्ने । यस्ता कार्यक्रम संचालन गर्दा विगतमा गाँउ नगर साझेदारी कार्यक्रमको सहयोगमा नगरपालिकाद्वारा गठन गरिएका टोल विकास संस्थाहरुलाई परिचालन गर्ने र त्यस क्षेत्रका प्रशिक्षित जनशक्तिलाई

जिम्मेवार वनाउने । शहरी गरिवी न्युनीकरणमा सहयोग पु¥याउँदै आएको स्थानीय प्रयासद्वारा शहरी विकास कार्यक्रमको सहयोगमा यो कार्यक्रमलाई अगाडी वढाउन प्राथमिकता दिने । स्थानीय विकास मंत्रालय अन्तरगतको LGCDP कार्यक्रमसंग समन्वय गरी कार्यक्रमसंचालन गर्नु पर्नेछ ।

**गरिवी न्यूनीकरणको लागि देहायका कार्यक्रमहरु संचालन गर्न सकिन्छ**

१. उद्यमशीलता र आय आर्जन संवन्धी कार्यक्रम
२. समावेशीकरण र सशक्तिकरणका कार्यक्रम
३. लघुवित्त कार्यक्रम सहयोग
४. औद्योगिक क्षेत्रका मजदुर परिवार सहयोग कार्यक्रम
५. गरिवमुखी साना पूर्वाधार निर्माणमा विउपुंजी
६. उद्यमशिलता विकासको लागि नमूना केन्द्र सहयोग कार्यक्रम
७. सामाजिक परिचालन

**(ग) भौतिक पूर्वाधार निर्माण**

भौतिक पूर्वाधार निर्माण अन्तर्गत नगरपालिकाले प्रचलित कानून वमोजिम स्थानीय स्तरमा भौतिक पूर्वाधार योजना संचालन गर्न सक्नेछन् ।

१. ल्याण्डफिल साइट र कम्पोष्ट प्लाण्ट निर्माण तथा व्यवस्थापन ।
२. मसानघाट, शवदाह गृह निर्माण तथा ब्यवस्थापन ।
३. सार्वजनिक सम्पत्ति, ताल, कुण्ड पोखरीको जीर्णेद्दार तथा संरक्षण ।
४. सार्वजनिक शौचालय तथा शहरी सेवा केन्द्र निर्माण तथा त्यसको संचालन ।
५. सेफ्टी टैङ्क सफा गर्ने सक्सन टैङ्कर, फोहरमैला प्रयोजनका लागि टिपर, ट्याक्टर, मेशिन औजार आदि खरिद तथा सञ्चालन ।
६. सार्वजनिक स्नानगृह निर्माण तथा त्यसको सञ्चालन ।
७. बृक्षारोपण, हरियाली पार्क, हरितमार्ग (Avenues) क्रिडास्थल, बाल उद्यान सहिद स्मारक पार्क, जेष्ठ नागरिक तथा अपाङ्गहरूका लागि आश्रम आदिको निर्माण संरक्षण तथा व्यवस्थापन ।
८. बाढी, पहिरो नियन्त्रण तथा रोकथाम ।
९. स्वास्थ्य केन्द्र, स्वास्थ्य उपकेन्द्र निर्माण तथा सञ्चालन ।
१०. ढल प्रशोधन केन्द्र निर्माण तथा व्यवस्थापन ।
११. ऐतिहासिक, पुरातात्विक, पर्यटकीय, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्बर्द्धन ।
१२. सामुदायिक विद्यालय भवन निर्माण र भौतिक सुविधा बिस्तार ।
१३. बस टर्मिनल, बसपार्क निर्माण ।
१४. राजमार्ग बाहेकका सडकहरूमा ढल निर्माण ।
१५. सौर्य, जल श्रोत तथा वायुशक्ति उपयोग सम्बन्धी कार्यक्रम ।
१६. नगरपालिका कार्यालय भवन निर्माण ।
१७. पसलघर, शीत भंडार निर्माण तथा बजार व्यवस्थापन ।
१८. आकाशे पुल, सुरूङमार्ग निर्माण ।
१९. पुल पुलेसा निर्माण ।
२०. सडक निर्माण, ग्राभेल, पिच तथा सडक आइल्याण्ड निर्माण ।
२१. खानेपानी निर्माण तथा ब्यवस्थापन ।
२२. दृश्यावलोकन टावर (View Tower) निर्माण ।

यस वमोजिम प्राप्त रकमलाई नगरपालिकाले जगेडा कोष म्याचिङको लागि रकम विनियोजन गरी खर्च गर्न सक्नेछन् । यस प्रयोजनको लागि नगरपालिकाले TDF संग सहकार्य गर्न सक्नेछ ।

**२. कार्यक्रम संचालन गर्ने समन्वयात्मक व्यवस्था :**

भौतिक पुर्वाधार निर्माणको लागि प्राविधिक सहयोग प्राप्त गर्न शहरी विकास तथा भवन निर्माण विभाग अन्तरगतका डिभिनल कार्यालय, जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय र जिल्ला स्तरीय क्षेत्रगत कार्यालयहरु (Line Agency) संग समन्वय र सम्पर्क गरी नगरपालिकाले कार्यान्वयन गर्न सक्नेछन् । यस प्रकारको सहयोगको लागि स्थानीय विकास मन्त्रालयले समन्वयात्मक व्यवस्था मिलाउन सक्नेछ ।

**३. अनुगमन व्यवस्था**

(क) नगरपालिकाहरुलाई यसरी उपलब्ध हुने रकमलाई मार्गदर्शनको आधारमा अधिकतम उपयोग गराउन सहयोग पुऱ्याउनको लागि देहाय वमोजिमको केन्द्रीय अनुगमन तथा निर्देशन समितिको व्यवस्था गरिएको छ ।

संयोजक- नगरपालिका व्यवस्था महाशाखाका प्रमुख, स्थानीय विकास मन्त्रालय

सदस्य - अर्थ मन्त्रालय

सदस्य- महालेखा नियन्त्रक कार्यालय

सदस्य- नेपाल नगरपालिका संघका महासचिव

सदस्य- अनुगमन तथा मूल्याकंन शाखा प्रमुख, स्थानीय विकास मन्त्रालय

सदस्य-आर्थिक प्रशासन शाखा प्रमुख, स्थानीय विकास मन्त्रालय

सदस्य- नगरपालिका व्यवस्था शाखा प्रमुख, स्थानीय विकास मन्त्रालय

(ख) अनुगमन समितिको वैठकमा शहरी विकास तथा भवन निर्माण विभाग, स्थानीय प्रयासद्वारा शहरी विकास कार्यक्रम लगायत नगर क्षेत्रमा कार्यरत निकाय र संस्थाका व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिने छ ।

(ग) अनुगमन समितिले एक आ.व.मा कम्तिमा ३ पटक नगरपालिकाको स्थलगत अनुगमन गर्नुपर्नेछ

(घ) अनुगमन समितिको सिफारिसमा नगरपालिकाहरुलाई रकम निकासा र रोक्का गर्न सकिनेछ ।

(ङ) समितिको सचिवालयको कार्य नगरपालिका व्यवस्था शाखाले गर्नेछ ।

(च) समितिको काम कारवाहीको नियमित निर्देशन स्थानीय विकास मन्त्रालयका सचिववाट हुनेछ ।

(छ) समितिको लागि भ्रमण भत्ता र वैठक भत्ता लगायतका अन्य खर्च स्थानीय विकास शुल्कवाट छुट्याइएको प्रशासनिक खर्चवाट व्यवस्था गरिनेछ ।

## ४. विविध

१. प्राप्त रकमलाई नगरपालिकाले मार्गदर्शन विपरित प्रशासनिक खर्च गरेको पाइएमा सो वापतको रकम सम्वन्धित नगरपालिकाले पाउने स्थानीय सेवा शुल्कको नियमित किस्तावाट कट्टा गरिनेछ ।

२. यस बमोजिमको रकमबाट संचालित योजनाहरुको कम्तीमा १ पटक सार्वजनिक लेखापरिक्षण (Public Audit) गर्नु पर्नेछ ।

३. उक्त रकमबाट चालु आ.व.भित्र स्वीकृत कार्यक्रम सम्पन्न गर्ने नगरपालिका र कर्मचारीलाई उचित प्रोत्साहन प्रदान गरिनेछ ।

४. वाँडफाँडवाट प्राप्त रकमको खर्च गर्ने पद्धति, लेखा प्रणाली र लेखापरिक्षण सम्वन्धित नगरपालिकाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली वमोजिम गर्नुपर्नेछ ।

५. यो मार्ग निर्देशन सम्वन्धमा कुनै स्पष्ट पार्नु परेमा स्थानीय विकास मन्त्रालयले स्पष्ट पार्नेछ । साथै मार्ग निर्देशनलाई कार्यान्वयनको लागि कार्यविधि वनाउन सक्नेछ ।

६. सो रकम जगेडाकोष तथा नगरविकास कोषवाट संचालन हुने योजना र अन्यवाट प्राप्त हुने योजनाको लागि समेत म्याचिङ रकमको रुपमा खर्च गर्न सकिनेछ ।

७. उपलव्ध रकमको अधिकतम उपयोग गर्ने कार्यमा सहयोग पुऱ्याउन कार्यविधि निर्देशिका तयार गर्न सकिनेछ ।

८. उपलव्ध रकमवाट ५% कन्टिन्जेन्सी छुट्याउन सकिनेछ । नगरपालिकामा प्राविधिकको अभाव भएको अवस्थामा इन्जिनियर वा ओभरसियर योजना अवधीको लागि कन्ट्रयाक्टमा भर्ना गरी खर्च गर्न समेत सकिनेछ ।

९. यस मार्गदर्शनले व्यवस्था गरे अनुसारका विषयमा यसै वमोजिम हुनेछ र यस मार्गदर्शनले नसमेटेका विषयमा अन्य प्रचलित ऐन, नियम अनुसार हुनेछ ।

# नेपाल सरकार
## स्थानीय विकास मन्त्रालय
## स्थानीय विकास शुल्क/जगेडाकोष कार्यसंचालन प्रगति विवरण

अवधिः-प्रथम/द्धितीय/तृतीय चौमासिक

जिल्ला :- नगरपालिकाः- गा.वि.स.:- आर्थिक वर्ष :-

| सि.नं | योजना/ कार्यक्रमको नाम | विनियोजित रकम | खर्च रकम | खर्च प्रतिशत | भोतिक परिणाम | | प्रगति हुन नसक्नाको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | लक्ष | प्रगति | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

..................प्रतिक्रिया (यदि केही छ भने) प्रमाणित गर्नेः-